भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाउन्नेचोक, गोरखा
नेपाल

# विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७९

लोक प्रसाद बञ्जरा
अध्यक्ष

<u>प्रस्तावनाः</u> भिमसेनथापा गाउँपालिकामा स्थायी बसोवास भएका र अन्य पालिकामा स्थायी बसोवास भई यस पालिका भित्रका सरकारी र गैरसरकारी संस्थामा कार्यरत व्यक्तिहरुका हकमा गरिने सामूहिक विपद् दुर्घटना बीमा र जोखिम ग्रस्त क्षेत्रमा रहेका निजी आवासहरूको बीमा सम्वन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "औसत शर्त" भन्नाले बीमा गरिने सम्पति (निजी घर) को बजार मूल्य भन्दा कम मूल्यमा बीमा गरिएको सम्पत्तीको आंशिक दावी परेको अवस्थामा वास्तविक मूल्य र बीमा गरिएको घोषित मूल्यको आधारमा दाबी रकम भुक्तानी हुने शर्त सम्झनु पर्छ।

(ख) "निजी आवास" भन्नाले स्थानीय तहले छनौट गरेको वा प्राथमिकतामा राखेको भिमसेनथापा गाउँपालिका अन्तर्गतका निजी आवासीय भवन सम्झनु पर्छ।

(ग) "स्थानीय सरकार" भन्नाले भिमसेनथापा गाउँकार्यपालिका सम्झनु पर्छ।

(घ) "बीमक" भन्नाले राष्ट्रिय बीमा कम्पनी सम्झनु पर्छ।

(ङ) "बीमा कम्पनी" पत्र भन्नाले राष्ट्रिय बीमा कम्पनी सम्झनु पर्छ।

(च) "बीमा शुल्क" भन्नाले बीमितको तर्फवाट स्थानीय तहले तिर्ने शुल्क (प्रिमियम) शुल्क सम्झनु पर्छ।

लोक प्रसाद बञ्जरा
अध्यक्ष



CamScanner

(छ) "बीमाङ्क" भन्नाले बीमा गरिने नागरिकहरुलाई प्रति व्यक्तिको लागि तोकिएको क्षतिपूर्ति रकम र भवनको हकमा बीमा गर्नको लागि प्रति भवनको अधिकतम स्वीकार गरिएको मूल्य सम्झनु पर्छ ।

(ज) "बीमित" भन्नाले कार्यविधि अन्तर्गत बीमा सुविधा प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले भिमसेनथापा गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ञ) "मौन विशेषताका भवन" भन्नाले प्रयोगमा नरहेको वा निर्माणाधीन अवस्थामा रहेका भवन सम्झनु पर्छ।

(ट) "विपद् जोखिम बीमा" भन्नाले भिमसेनथापा गाउँपालिकामा स्थायी बसोबास भएका र अन्य पालिकामा स्थायी बसोबास भई यस पालिका भित्रका सरकारी र गैरसरकारी संस्थामा कार्यरतहरुका हकमा गरिने समूह विपद् दुर्घटना र जोखिम ग्रस्त क्षेत्रमा रहेका निजी आवासहरुको बीमा सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले भिमसेनथापा गाउँपालिका सम्झनु पर्छ ।

(ड) "हक़वाला" भन्नाले बीमितको आवास र व्यक्तिको हक लाग्ने कानून बमोजिम नजिकको व्यक्ति सम्झनु पर्छ ।

३. बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारणः बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण देहाय बमोजिम हुनेछः-

(क) विपद् दुर्घटना बीमा अन्तर्गत भिमसेनथापा गाउँपालिकामा स्थायी बसोवास भएका र अन्य पालिकामा स्थायी बसोवास भई यस पालिकामा सेवारत सरकारी, गैर-सरकारी तथा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकले यस बीमा बापतको लाभ प्राप्त गर्न योग्य हुनेछन्। यस खण्ड बमोजिम सामूहिक बीमाको लागि प्रिमियम गणना गर्ने प्रयोजनको लागि चालू आर्थिक वर्षमा राष्ट्रिय जनगणनाको अन्तिम प्रतिवेदन नतिजालाई आधार मानिनेछ।

(ख) जोखिम ग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत पालिकाको भौगोलिक सीमा भित्रका जोखिम ग्रस्त क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा रहेका निजी भवनहरूको संख्या बीमा कम्पनीलाई उपलब्ध गराइनेछ। उक्त संख्या नै कूल बीमितको संख्या हुनेछ ।

लोक प्रसाद बञ्जरा
अध्यक्ष

(ग) जोखिम ग्रस्त क्षेत्रको पहिचान स्थानीय विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिले गर्नेछ।

(घ) खण्ड (ख) बमोजिमको विमित हुनको लागि स्थानीय विपद् व्यवस्थापनले छनौट गर्नेछ।

(ङ) खण्ड (ख) बमोजिमको घर छनौट गर्दा घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा जग्गाको किता नं. खुलेको कागजात र घर निर्माण सम्पन्न भएको स्थानीय तहको सिफारिस भएको हुनु पर्नेछ।

४. बीमा सम्झौताः कार्यालयले राष्ट्रिय बीमा कम्पनीसँग बीमा सम्झौता वा समझदारी गर्दा देहायका शर्तहरू पालना गर्नुपर्नेछ।

(क) बीमा गर्ने व्यक्ति र भवनहरूको संख्या कार्यालयले राष्ट्रिय बीमा कम्पनीलाई उपलब्ध गराउने छ ।

(ख) विपद् सामूहिक दुर्घटना बीमाको बीमाङ्क प्रति व्यक्ति रु. पचास हजार रुपैयाँ हुनेछ।

(ग) खण्ड (ख) अनुसार बीमा सुविधाबाट लाभान्वित हुनको लागि पालिकामा स्थायी बसोवास भएका नागरिकहरुको हकमा देशको जुनसुकै भू-भागमा घटेको घटनाका कारण कुनै व्यक्तिको मृत्यु भएमा त्यस्ता व्यक्तिको हकवालालाई बीमा कम्पनीले क्षतिपूर्ति प्रदान गर्नेछ।

(घ) नेपालको जुनसुकै स्थानमा स्थायी बसोबास भई यस पालिकामा सरकारी, गैर-सरकारी संघ संस्था र अन्य क्षेत्रमा कार्यरत व्यक्तिहरुको समेत विपद्का घटनाको कारण मृत्यु भएमा बीमा कम्पनीले क्षतिपूर्ति प्रदान गर्नेछ ।

(ङ) जोखिम ग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमा गरिने भवनको बीमाङ्क रकम प्रति भवन न्यूनतम रु. पाँच लाख कायम गरिएको छ।

(च) खण्ड (घ) बमोजिम कायम गरिएको बीमाङ्कलाई मान्नु पर्नेछ र यस बमोजिम बीमा गरिएको भवनको बीमा दावीमा औषत शर्त लागु हुने छैन।

(छ) यस कार्यविधि बमोजिम गरिने जोखिम ग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमालेखले अग्नी, भूकम्प, बाढी /जलमग्न, पहिरो/जमिन धसिने वा भासिने, हावाहुरी, महामारी, हिमताल विस्फोटन ज्वालामुखी विस्फोटन तथा आँधीबेरी, चट्याङ, शितलहर, हिउँ, असिना र भीरबाट लडेर हुने आकस्मिक दुर्घटना जोखिम विरुद्ध सुरक्षण प्रदान बीमालेख अनुसार गर्नेछ ।



लोक प्रसाद बञ्जरा
अध्यक्ष

(ज) व्यक्तिगत बीमितले बीमा गरिने भवन धितोमा राखी बैंक मार्फत ऋण प्राप्त गरेको अवस्थामा खण्ड (ङ) बमोजिमको बीमाङ्क रकम बजार मूल्य अनुसार कायम गर्न सक्नेछ। बजार मुल्य अनुसार बीमाङ्क कायम गरिएको अवस्थामा थप बीमा शुल्क भुक्तानी गर्ने दायित्व समेत बीमित स्वयंको हुनेछ। यस्तो अवस्थामा परेको दावीमा औसत शर्त लागु हुनेछ ।

(झ) बीमा गरिएको भवन बीमालेखले रक्षावरण गरेको जोखिमको कारण क्षति हुन जाँदा बीमित वा निजको परिवारको बढीमा पाँच सदस्य समेतको सोही दुर्घटनाको कारण मृत्यु भएमा बीमा कम्पनीले रु पाँच लाखको दरले अतिरिक्त क्षतिपूर्ति प्रदान बीमालेख अनुसार गर्नेछ ।

(ञ) यस कार्यविधि अन्तर्गत बीमा सुविधा मौन विशेषताका भवनहरुमा समेत लागू हुनेछ तर बीमाङ्क रकम र बीमा शुल्कमा परिवर्तन बीमा दर सम्झौता अवधिभर मात्र लागु हुनेछ ।

(ट) यस कार्यविधिमा तोकिएमा यसै कार्यविधि बमोजिम र नतोकिएका बीमा सम्वन्धी सुविधा, सेवा तथा शर्तहरु सम्झौतामा तोकेबमोजिम हुनेछन् ।

**५. बीमालेखले नसमेट्ने विषयहरूः** बीमालेख अन्तर्गत देहायका अवस्थामा बीमकले दावी भुक्तानी गर्न पाउने छैनः-

(क) जानी जानी आफैले लगाएको चोटको कारणबाट,

(ख) आत्महत्या यसको प्रयास,

(ग) मादक पदार्थ वा लागुऔषधको प्रभावका कारण,

(घ) गैरकानूनी तरिकाले उडेको उडानबाट,

(ङ) खतरनाक खेलहरु जस्तै घोडादौड, बन्जी जम्पीङ्ग, प्याराग्लाईडिङ, मोटरसाईकल रेस,

(च) बीमितले कुनै प्रचलित कानून भंग गरेको कारणबाट,

(छ) पूर्व निर्धारित युद्ध, हुलदंगा, अतिक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति ।

**६. बीमा शुल्क, व्यवस्था र भुक्तानीः** बीमा गरे बापत बीमा कम्पनीलाई देहाय बमोजिम बीमा शुल्क कार्यालयले भुक्तानी गर्नेछ।

अध्यक्ष

(घ) बीमा गरिने सम्पूर्ण व्यक्तिको बीमाको शुल्क यस कार्यालयले राष्ट्रिय बीमा कम्पनीलाई एकमुष्ठ भुक्तानी गर्नुपर्नेछ।

७. **अनुगमन समितिः** (१) यस कार्यविधि अन्तर्गत गरिने दुवै प्रकारका बीमाको तथ्याङ्क सङ्कलन, बीमालेखको जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभावकारिता र दावी फछ्यौंट कार्यमा सहजीकरण गर्नको लागि देहाय बमोजिमको पालिकामा एक अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. कार्यपालिकाले तोकेको १ जना महिला सहित ३ जना कार्यपालिका सदस्य | _ सदस्य |
| ङ. प्रतिनिधि, विमा कम्पनी | - सदस्य |
| च. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| छ. विपद् हेर्ने कर्मचारी वा तोकिएको कर्मचारी | - सदस्य सचिव |

(२) समिति बैठकमा आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) वीमा विज्ञ भन्नाले बीमा सम्बन्धी कम्पनीमा अधिकृतस्तरमा कम्तिमा दश वर्ष कार्य अनुभव प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

८. **दावी भुक्तानी प्रकृयाः** यस कार्यविधि अन्तर्गत बीमा गरिएका व्यक्ति तथा नीजी भवनहरुको हानी नोक्सानी हुन गई सोको क्षतिपूर्ति बीमक कम्पनीले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) बीमा गरिएको व्यक्तिको हकवालाले घटना भएको मितिले पैंतीस दिन भित्र बीमक कम्पनीलाई सम्वन्धित स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको लिखित जानकारी दिनुपर्नेछ। तर विशेष परिस्थितिमा सकिएको हदम्याद भित्र निवेदन दिन नसकेमा गाउँपालिकाको सिफारिसलाई आधार मानिने छ।

(ख) घर बीमाको हकमा बीमक कम्पनीले अनुसूची -२ बमोजिमको लिखित जानकारी पाएको तीन दिन भित्र क्षति मूल्याङ्कनको लागि बीमा समितिबाट इजाजत प्राप्त सर्भेयर खटाई सक्नु पर्नेछ वा दावी नलाग्ने भए बीमितलाई तीन दिन भित्र लिखित जानकारी दिनुपर्नेछ।

लोक प्रसाद बञ्जारा
अध्यक्ष



CamScanner

८. दावी भुक्तानी प्रकृयाः यस कार्यविधि अन्तर्गत बीमा गरिएका व्यक्ति तथा नीजी भवनहरूको क्षति नोक्सानी हुन गई सोको क्षतिपूर्ति बीमक कम्पनीले देहाय बमोजिम गर्नुपर्नेछः-

(क) बीमा गरिएको व्यक्तिको हकवालाले घटना भएको मितिले पैंतीस दिन भित्र बीमक कम्पनीलाई सम्बन्धित स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको लिखित जानकारी दिनुपर्नेछ। तर विशेष परिस्थितिमा सकिएको हदम्याद भित्र निवेदन दिन नसकेमा गाउँपालिकाको सिफारिसलाई आधार मानिने छ।

(ख) घर बीमाको हकमा बीमक कम्पनीले अनुसूची -२ बमोजिमको लिखित जानकारी पाएको तीन दिन भित्र क्षति मूल्याङ्कनको लागि बीमा समितिबाट इजाजत प्राप्त सर्भेयर खटाई सक्नु पर्नेछ वा दावी नलाग्ने भए बीमितलाई तीन दिन भित्र लिखित जानकारी दिनुपर्नेछ।

(ग) बीमक कम्पनीले खटाएको सर्भेयरले क्षतिको निरीक्षण गरिसके पछि प्रतिवेदन तयार गर्नका लागि बीमितले तल उल्लिखित ढाँचाको दावी फाराम भरी देहाय बमोजिमको कागजात सर्भेयरलाई बुझाउनु पर्नेछ ।

१. भवन रहेको जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपी या प्रयोगको निस्सा,

२. स्वीकृत भवनको नक्साको प्रमाणित प्रतिलिपी वा स्थानीय तहको सिफारिस

३. नागरिकताको प्रमाणित प्रतिलिपी,

४. मर्मत लागत अनुमान,

५. गाउँपालिका र नजिकको प्रहरी कार्यालयको सिफारिस,

६. सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दावी फाराम,

(घ) उपदफा (ग) बमोजिम कागजात प्राप्त गरेको पन्ध्र दिन भित्र सर्वेयरले सर्वे प्रतिवेदन बीमक कम्पनीलाई बुझाउनु पर्नेछ।

(ङ) सर्भेयरले प्रतिवेदन बुझाएको पन्ध्र दिन भित्र बीमकले सोझै बीमितले पाउने सम्पूर्ण रकम भुक्तानी गर्नुपर्नेछ र सो को जानकारी कार्यालयलाई दिनुपर्नेछ।

(च) बीमकले भुक्तानी गरेको बारे स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्नेछ।

लोक प्रसाद बञ्जरा
अध्यक्ष

(छ) विपद् जोखिम सामूहिक दुर्घटनाको हकमा, बीमा दावी प्राप्त गर्नको लागि बीमितले तोकिएको ढाँचा बमोजिमको दावी फाराम भरी देहाय बमोजिमको कागजात बुझाएको पन्ध्र दिनभित्र बीमकले सोझै सम्झौता बमोजिमको रकम भुक्तानी गर्नु पर्नेछ।

(ज) दावी फाराम नेपालीमा हुनुपर्नेछ।

९. बीमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने: बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ-

(क) बीमा सम्बन्धि सचेतना अभिवृद्धि कार्यक्रममा कार्यलयले स्थानीय स्तरमा संचालन गर्नुपर्नेछ ।

(ख) बीमा सम्बन्धी प्रचार प्रसार, सचेतना कार्यक्रम विपद् सहजकर्ता/दूत परिचालन, तथ्याङ्क संकलन खर्च तथा अनुगमन समितिको बैठक र अनुगमन गर्न लाग्ने खर्च बीमाको लागि विनियोजित बजेटबाट गर्नु पर्नेछ।

१०. विविधः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ बमोजिम हुनेछ ।

अध्यक्ष

सिमांजलथापा गाउँपालिका
गाउँ अनुसूचीपालिकाको कार्यालय
बाज्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

लोक प्रसाद बञ्जरा
अध्यक्ष

दफा ८ को खण्ड (क) सँग सम्वन्धित

विपद् जोखिम सामूहिक दुर्घटना सूचना दावी फाराम

मितिः

श्रीमान् ........................................

विषयः दाबी सम्बन्धमा।

महोदय,

उपरोक्त विषयमा यस कार्यालय मार्फत त्यस कम्पनीबाट बीमित व्यक्ति मिति ..............................अन्दाजी .............................. बजे.............................. को कारण मृत्यु भएकोले सम्झौता अनुसार दावी रकम भुक्तानीको प्रकृया अगाडी बढाईदिनु हुन सादर अनुरोध छ।

१. बीमितको नामः
२. ठेगानाः
३. नागरिकताको प्रतिलिपि
४. बीमा लेख नम्बरः
५. क्षति वा दुर्घटनाको कारणः
६. सम्पर्क नम्बरः
७. हकवालाको नाम र दस्तखतः

(क) देहाय वमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

१. मृतकको पोष्ट मार्टम रिपोर्ट,
२. नाता प्रमाणीत प्रमाणपत्र,
३. हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपी,
४. मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
५. गाउँपालिकाको र नजिकको प्रहरी कार्यालयको सिफारिस,
६. सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम,
७. अन्य आवश्यक कागजातहरु केही दिन पछि उपलब्ध गराईने छ।

लोक प्रसाद बञ्जरा
अध्यक्ष

अनुसूची-१

दफा ८ को उपदफा (ख) सँग सम्वन्धित

## आवास बीमा दावी फाराम

महोदय,

उपरोक्त विषयमा यस कार्यालय मार्फत त्यस कम्पनीबाट बीमा भएको भवन/घर मिति ..........................अन्दाजी .......................... बजे..........................को कारण मृत्यु भएकोले नियमानुसार दावी भुक्तानीको प्रकृया अगाडी बढाईदिनु हुन सादर अनुरोध छ।

१. बीमितको नामः
२. ठेगानाः
३. अनुदान सम्झौता नम्बर र मितिः
४. बीमालेख नम्बरः
५. अनुमानित ती रकमः
६. सम्पर्क नम्बरः
७. निवेदकको नाम र दस्तखतः

(२) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागी पेश गर्नुपर्नेछ।

(क) घर धनीको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा वा जग्गाको कित्ता नम्बर उल्लेख गरेको कागजात र घर निर्माण भएको स्थानीय तहको सिफारिस हुनुपर्नेछ,

(ख) आवश्यक अन्य कागजातहरू।

प्रमाणिकरण गर्ने

......................

नामः लोक प्रसाद बन्जारा

पदः अध्यक्ष

मितिः २०७९/१२/०५